# रुरुक्षेत्र गाउँपालिकाको १०० दिने कार्य प्रगति

आदरणीय गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई तथा दिदीवहिनीहरु, नमस्कार !

२०७९ बैशाख ३०, गते सम्पन्न स्थानीय तहको निर्वाचनमा हाम्रो समूहलाई विजयी वनाई रुरुक्षेत्र गाउँपालिकाको जिम्मेवारी प्रदान गर्नुभएकोमा सम्पूर्ण रुरुक्षेत्रवासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । जनयुद्ध, जनआन्दोलन लगायत अन्य परिवर्तनकारी आन्दोलनहरुमा साहदत प्राप्त गर्नुभएका ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । हामीले मिति २०७९ जेष्ठ ६ गते सपथ ग्रहण सँगै कार्यभार सम्हाली यहि भाद्र ११ गते १०० दिन पुरा गर्न सफल भएका छौं । हामी गाउँपालिकाको जिम्मेवारीमा आएदेखि र पदमा रहँदा निरन्तर गाउँपालिकाको विकास तथा गाउँपालिकाबासी जनताको हकहित र अधिकतम सुविधा प्रदान गर्ने बारेमा चिन्तनशील रहेको र सोहीअनुरुप कार्य गरिरहेको यहाँहरु समक्ष अनुरोध गर्न चाहान्छौं । हामी शासकको रुपमा नभई सेवकको रुपमा कार्य गर्न चाहान्छौं । गाउँपालिकाको आन्तरिक आम्दानीलाई वृद्धि गर्न राजश्व संकलनलाई प्रभावकारी, चुस्त दुरुस्त बनाउन अधिकतम पहल गर्नुका साथै राजश्वका दरमा फरक नपारी दायरालाई फराकिलो बनाउने नीति ल्याएका छौं । गाउँपालिकाको सिमित स्रोत र साधनका बीच हामीले अधिकतम मितव्ययिता कायम गरी समग्र पक्षलाई समेट्ने गरी यस वर्ष सन्तुलित बजेट विनियोजन गरेका छौं । हामीले जिम्मेवारी सम्हालेको यस १०० दिनको अवधिमा भएका मुख्य मुख्य कार्यहरु यहाँहरु माझ पेश गर्न चाहान्छौं ।

## नीतिगत व्यवस्थापन

१) वार्षिक नीति तथा कार्यक्रमसँगै आ.ब. २०७९/८० को वार्षिक बजेट रु. ५३,३७,७१,०००/- गाउँसभावाट स्वीकृत भई कार्यान्वयनमा गएको छ ।

२) न्यूनतम विद्युत महसुल छुट सम्बन्धी नीति कार्यान्वयनको लागि कार्यविधि तयार भै स्वीकृतिको चरणमा रहेको छ ।

३) विभिन्न मितिहरुमा गाउँकार्यपालिकाका ६ वटा वैठक सम्पन्न भएका छन् भने विभिन्न विषयगत समितिहरु गठन भई क्रियाशील रहेका छन् ।

४) फोहोरमैला व्यवस्थापन तथा समाग्री हस्तान्तरण कार्यविधि, २०७९ र एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ तर्जुमा भएका छन् ।

५) कार्यालयवाट प्रवाह हुने सेवा सुविधा छिटो, छरितो, पारदर्शी, प्रविधीमैत्री, प्रभावकारी बनाउन गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा गाउँपालिका अध्यक्ष र सम्पूर्ण वडा अध्यक्षबीच गाउँपालिका उपाध्यक्ष समेतको उपस्थितिमा कार्य सम्पादन संझौता गरिएको छ ।

Scanned with CamScanner

९) गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको लागि स्वास्थ्य बिमाको सुविधा उपलब्ध गराउन सरोकारवालाहरुसँग आवश्यक छलफल अन्तरक्रिया सम्पन्न भएको छ ।

**शिक्षातर्फ**

१) संस्कृत तथा साधारण मा.वि. रुरुक्षेत्र-१ रिडीमा गुरुकुल शिक्षा सञ्चालनको लागि अनुमति दिइएको छ ।

२) रुपन्देहीको बुटबल स्थित नमुना विद्यालयहरुको माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ. तथा १/१ जना शिक्षकहरु सहितको टोलीबाट अवलोकन भ्रमण सम्पन्न भएको छ ।

३) सामुदायिक माध्यमिक विद्यालयका प्र.अ.हरुले प्रयोग गर्नेगरी १/१ थान ल्यापटप वितरण गरिएको छ ।

४) आधारभूत तहका शिक्षक लक्षित १ हप्ते ICT तालिम सञ्चालन गरिएको छ ।

५) नमुना युवा गाउँसभा अभ्यास कार्यक्रम सम्पन्न गरिएको छ ।

६) सबै सामुदायिक विद्यालयहरुमा पानी शुद्धिकरण मेसिन, खानेपानी ट्याङ्की र खेलकुदका सामाग्री वितरण गरिएको छ ।

**कृषि, पशु विकास तर्फ**

१) सुन्तला पकेट क्षेत्रमा सुन्तलाको विरुवा र सामाग्री, मकै पकेट क्षेत्रमा मकै विउ र सामाग्री वितरण गरिएको छ ।

२) बाखा पकेट क्षेत्रमा ९ वटा नमुना खोर निर्माण र १६ वटा बाखा तथा १० वटा विउ बोका वितरण गरिएको छ ।

३) दुग्ध मिसन कार्यक्रम अन्तर्गत ३४ वटा उन्नत भैंसी तथा सामाग्री वितरण गरिएको छ ।

४) ६५ जना युवा उद्यमीहरुको लागि ३० हजार बराबरको अनुदान वितरण गरिएको छ ।

५) बाखा तथा बंगुरका ३१ वटा खोर निर्माण सम्पन्न भएका छन् ।

६) माछापालक किसानको लागि ६५ हजार माछाका भुरा वितरण गरिएको र १० वटा पोखरी निर्माण गरिएको छ ।

७) विभिन्न समूहहरुलाई उन्नत घाँसको विरुवा वितरण गरिएको छ ।

८) व्यवसायिक कफी प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको छ ।

**अन्य**

१) भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुको लगत तयार गरी जग्गा उपलब्ध गराउनको लागि राष्ट्रिय भूमि आयोग समक्ष पेश गरिएको छ ।

२) गाउँपालिकाको एकिकृत वस्तुगत विवरण तयारीको लागि तथ्याङ्क संकलनको कार्य पुरा भएको छ ।

३) गाउँपालिका भित्रका खानेपानी उपभोक्ता समितिका पदाधिकारीहरुसँग समितिको साधारसभा, हिसावकिताव, पानीको शुद्दता, उपलब्धता, समस्या, चुनौति लगायतका विषयमा खानेपानी तथा

Scanned with CamScanner

## पूर्वाधार विकास तर्फ

१) वडा नं. २, ग्वादी र वडा नं. ६, रिमुवाको वडा कार्यालय भवन निर्माण सम्पन्न भई उद्घाटन गरिएको छ । हाल ६ वटै वडा कार्यालयहरुले आफ्नै सुविधासम्पन्न वडा कार्यालयबाट सेवा प्रवाह गरिरहेका छन् ।

२) रुरुक्षेत्र गाउँपालिका र छत्रकोट गाउँपालिकाको सह लगानीमा रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ५ पागा र छत्रकोट गाउँपालिकाको वडा नं. १ हुँगा जोड्ने मोटरेवल पुलको निर्माण सम्पन्न भई उद्घाटन भएको छ ।

३) गाउँपालिकाको प्रशासकीय भवनको करिव ६० प्रतिशत कार्य सम्पन्न भएको छ । साथै यसै आर्थिक वर्षभित्र सम्पन्न गर्नका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

४) चालू आ.ब. २०७९/०८० मा बोलपत्र आह्वान गरिएका योजनाहरु :

(क) रानीवास-टाहाटिम-उल्लिखोला मोटरबाटो कालोपत्रे रुरुक्षेत्र-५ रु. १ करोड ५० लाख ।
(ख) भुल्केखोला लिफ्टिङ खानेपानी योजना, रुरुक्षेत्र-६ रु. १ करोड ।
(ग) वलेटक्सार-त्वाँगा-ठानीडाँडा-भकारेघुम्ती मोटरबाटो स्तरोन्नति, रुरुक्षेत्र-४ रु. ५० लाख ।
(घ) लोक्मा-बेल्टारी मोटरबाटो स्तरोन्नति, रुरुक्षेत्र-२, रु. ५० लाख ।

५) गाउँपालिकाको केन्द्रमा प्रहरी चौकी स्थापनाको लागि प्रकृया अगाडि वढाइएको छ ।

## न्यायिक समिति

१) दर्ता भएका निवेदनको संख्या - ६
२) फछ्र्यौट भएका मुद्दाहरुको संख्या - २ (जिल्ला प्रशासन कार्यालय, गुल्मीको सहयोगमा)

## स्वास्थ्य तथा सरसफाई

१) वडा नं. ६ रिमुवालाई पूर्ण सरसफाई उन्मूख वडा घोषणा गरिएको छ ।
२) वलेटक्सार स्वास्थ्य चौकीलाई पूर्ण पोषणमैत्री स्वास्थ्य चौकी घोषणा गरिएको छ ।
३) वलेटक्सार-रानीवास बजार तथा रिडी बजारको फोहोरमैला व्यवस्थापनको लागि १/१ थान ट्र्याक्टर हस्तान्तरण गरिएको छ ।
४) वलेटक्सार आयुर्वेद औषधालय निर्माणको लागि जग्गा व्यवस्थापन प्रकृया अगाडि बढाइएको छ ।
५) थानपति स्वास्थ्य चौकीमा पोषण कर्नर स्थापना गरिएको छ ।
६) गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालय र भट्कुवा आधारभूत विद्यालयमा आखाँको शिविर सँगै नाक, कान, घाँटी तथा मुख सम्बन्धी विद्यालय स्क्रिनिङ्ग कार्यक्रम सम्पन्न भएको छ ।
७) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको लागि ३ दिने पुनरताजकी तालिम तथा प्राथमिक उपचारका सामाग्री सहितको प्राथमिक उपचार बाकस र झोला वितरण गरिएको छ ।
८) सुत्केरी महिलाहरुको लागि निरन्तर रु. १००० बराबरको पोषण प्याकेज वितरण तथा निशुल्क एम्बुलेन्सको व्यवस्था गरिएको छ ।

CS Scanned with CamScanner

CS CamScanner

सरसफाई डिभिजन कार्यालय, गुल्मीका कर्मचारीहरु सहित अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

४) रुरुक्षेत्र गाउँपालिका भित्र शाखा कार्यालय रहेर बैङ्कि कारोवार गर्ने बैंकहरुसँग सेवा प्रवाह, संस्थागत सामाजिक उत्तरदायित्व लगायतका विषयमा अन्तरक्रिया सम्पन्न भएको छ ।

५) विपद्का विभिन्न घटनाहरुमा त्रिपाल, जाली र आर्थिक सहायता वितरण गरिएको छ ।

६) मनसुनजन्य विपद्बाट प्रभावित लाभग्राहीसँग सम्झौता गरी गाउँपालिका तर्फको रकम निकासा गरिएको छ ।

७) गाउँपालिका, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, विषयगत शाखाहरुबाट आ.ब. २०७८/०७९ मा सञ्चालित कार्यक्रमहरुको गाउँपालिका स्तरीय वार्षिक समिक्षा सम्पन्न भएको छ ।

८) भट्कुवा ViewPoint क्षेत्रमा अमला, अम्वा, धुपी, पारिजात लगायतका ४२०० विरुवा रोपण र रातामाटा - कफी अनुसन्धान कार्यक्रम मो.बा. को छेउमा ३०० कफीका विरुवा रोपण सम्पन्न भएको छ ।

९) सडक मानवको रुपमा रहेका शिवसंकर वि.क.लाई मानवसेवा आश्रम बुटवलमा लगि व्यवस्थापन गरिएको छ ।

१०) रिडी वजारमा व्यवस्थित ब्रेकर निर्माण गरिएको छ ।

११) पालिकाको नयाँ पर्यटकीय क्षेत्रको रुपमा सम्भावना बोकेको थाम्की डाँडा स्थित ट्रि हाउसलाई व्यवस्थित गरी सञ्चालनमा ल्याइएको छ ।

१२) पालिकाका सबै कच्ची सडकहरु बाह्रै महिना सञ्चालन हुने व्यवस्था गरिएको छ ।

इति सम्वत् २०७९ भाद्र २१ गते रोज ३ मा शुभम्

रुरुक्षेत्र गाउँपालिका कार्यालय, बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

यदु ज्ञवाली
अध्यक्ष
रुरुक्षेत्र गाउँपालिका, गुल्मी

यदु ज्ञवाली
अध्यक्ष

Scanned with CamScanner

CamScanner